नेपाल सरकार

गृह मन्त्रालय

# सशस्त्र प्रहरी बल प्रधान कार्यालय

## मद्दती तथा सेवा निर्देशनालय

आर्थिक प्रशासन शाखा (लेखा)

हलचोक, काठमाण्डौ

## राष्ट्रिय स्तरको सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति २०७५/०१/३० गते

१. मद्दती तथा सेवा निर्देशनालय, सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय अन्तर्गत रहेका शाखाहरुको लागि आर्थिक बर्ष २०७४/०७५ मा आवश्यक भएका देहाय बमोजिमका सामानहरु खरिद गर्नुपर्ने भएकाले योग्य आपूर्तिकर्ताहरुले सिलबन्दी दरभाउपत्र पेश गर्न अनुरोध गरिन्छ ।

| सि. नं | सिलबन्दी दरभाउपत्रको सूचना | खरिदको सामानको नाम | बैंक जमानत रकम रु. | दरभाउपत्र को मान्य अवधि | दरभाउपत्र कागजात दस्तुर रु. |
|---|---|---|---|---|---|
| १. | APF/SQ/G/1/074/75 | कम्प्यूटर तथा सो संग सम्बन्धित सामानहरु | ३०,०००/- | ४५ दिन | १,०००/- |
| २. | APF/SQ/G/2/074/75 | संचार साधनका स्पेयर पार्टसहरु | २५,०००/- | ४५ दिन | १,०००/- |
| ३. | APF/SQ/G/3/074/75 | ब्याण्ड सम्बन्धी सामानहरु | २५,०००/- | ४५ दिन | १,०००/- |
| ४. | APF/SQ/G/4/074/75 | श्रब्य दृष्य सम्बन्धी सामानहरु | २०,०००/- | ४५ दिन | १,०००/- |

२. लिखित निवेदन साथ मू.अ.कर दर्ता प्रमाणपत्र र स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्र, फर्म/कम्पनी दर्ता प्रमाणपत्र (नविकरण सहित) र आ.व.२०७३/०७४ को करचुक्ता प्रमाण-पत्रको प्रतिलिपि पेश गरेर मात्र यस कार्यालयबाट तोकिएको दस्तुर बुझाई मिति २०७५/०२/१३ गते कार्यालय समय भित्र दरभाउपत्र सम्बन्धी कागजात खरिद गर्न सकिने छ ।

३. दरभाउपत्र साथ कोष तथा लेखा नियन्त्रक कार्यालय, काठमाण्डौको राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय, ठमेल काठमाण्डौ स्थित धरौटी खाता नं. ११००२०३ यस कार्यालयको कोड नं. २७-३१४-७९ मा माथि उल्लेखित जमानत रकम नगदै जम्मा गरेको सक्कलै बैंक भौचर वा सो रकम बराबरको मान्यता प्राप्त "क" वर्गको बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको कार्य प्रयोजन खुलेको सक्कलै जमानत पेश गर्नु पर्नेछ । उक्त जमानतको समयावधि दरभाउपत्रको मान्य अवधी भन्दा ३० दिन बढी अर्थात सिलबन्दी दरभापत्र खोलेको मितिबाट गणना गर्दा कम्तिमा ७५ दिनको हुनु पर्ने छ ।

४. दरभाउपत्र सम्बन्धी कागजात मिति २०७५/०२/१४ गते १२:०० बजे भित्र यस कार्यालयको आर्थिक प्रशासन शाखा (लेखा) मा दर्ता गरी सक्नु पर्ने छ ।

५. सिलबन्दी दर्ता भएका दरभाउपत्र फारामहरु मिति २०७५/०२/१४ गते १४०० बजे आमन्त्रित सरकारी निकायका प्रतिनिधिहरु, सम्बन्धित दरभाउपत्रदाताहरु वा प्रतिनिधिहरु एवं यस कार्यालयका पदाधिकारीहरुको रोहवरमा खोलिने छ । दरभाउपत्रदाताहरू वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन ।

६. दरभाउपत्र सम्बन्धी कागजात खोल्ने दिन सार्वजनिक विदा परेमा सो सम्वन्धी कार्य त्यसको भोलिपल्ट कार्यालय खुल्ने दिन सोही समयमा दरभाउपत्र सम्बन्धी कागजात खरिद गर्ने, दरभाउपत्र दर्ता गर्ने र खोल्ने अन्तिम मिति कायम हुनेछ । यस्तो अवस्थामा दरभाउपत्र र दरभाउपत्र जमानतको मान्य अवधि भने साबिकै मिति देखि गणना गरिनेछ ।

७. दरभाउपत्रहरु स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयलाई रहने छ ।

८. यस सम्बन्धमा अन्य कुनै कुरा बुझ्नु परेमा यस कार्यालयको फोन नं. ०१-४२७७४१८ मा कार्यालय समयमा सम्पर्क राखी बुझ्न सकिने छ ।

९. यो सूचना सशस्त्र प्रहरी बल, नेपालको **website www.apf.gov.np** मा समेत हेर्न सकिने छ । सूचनामा उल्लेख नभएका कुराहरु सार्वजनिक खरिद ऐन -२०६३ (संशोधन सहित) तथा सार्वजनिक खरिद नियमावली -२०६४ (संशोधन सहित) र दरभाउपत्र कागजातमा उल्लेख भए अनुसार एवं अन्य प्रचलीत कानून बमोजिम हुनेछ ।